# वार्षिक गाउँपालिका विकास योजना
# २०७६/०७७

## सुनकोशी गाउँपालिका
## पाङ्ग्रेटार, सि.पा.

सुनकोशी गाउँपालिका
गाउँपालिकाको कार्यालय
पाङ्ग्रेटार, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल
२०७३

"सुन्दर सुनकोशी, सम्मृद्ध सुनकोशी र सुखी सुनकोशी"

# सुनकोशी गाउँपालिका

## आठौ गाउँसभाबाट स्वीकृत नीति, कार्यक्रम तथा बजेट

र

## बार्षिक गाउँपालिका बिकास योजना

## २०७६/७७

सुनकोशी गाउँपालिका
गाउँपालिकाको कार्यालय
पाङग्रेटार, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल
२०७३

सुनकोशी गाउँपालिकाको कार्यालय

पाङग्रेटार, सिन्धुपाल्चोक

गाउँसभा मिति २०७६ असार १० गते

सुनकोशी गाउँपालिका गाउँपालिकाको कार्यालय सिन्धुपाल्चोक

श्रवण कुमार जि.सी. (बिनोद) अध्यक्ष

मिति २०७६/०३/१० गते सुनकोशी गाउँ कार्यपालिकाले पेश गरेको नीति कार्यक्रम तथा बजेट सम्बन्ध मा गाउँ सभाको अध्यक्ष श्री श्रवण कुमार जि.सी. (बिनोद) को अध्यक्षतामा दफाबाट छलफल भै पेश भए बमोजिम यस सुनकोशी गाउँ सभाले सर्ब सम्मत रुपमा पारित गरियो ।

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री श्रवण कुमार जि.सी.(बिनोद) | अध्यक्ष | सुनकोशी गा.पा.२ | |
| २ | श्री लक्ष्मी पौडेल | उपाध्यक्ष | सुनकोशी गा.पा.४ | |
| ३ | श्री नेत्र बहादुर कार्की | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.१ | |
| ४ | श्री पुर्ण बहादुर महत | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.२ | |
| ५ | श्री रामहरी खड्का | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.३ | |
| ६ | श्री देबेन्द्र खड्का | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.४ | |
| ७ | श्री कृष्ण बहादुर खड्का | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.५ | |
| ८ | श्री रामकुमार थापा | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.६ | |
| ९ | श्री ईश्वर तिमल्सिना | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.७ | |
| १० | श्री शान्ति खड्का आचार्य | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.१ | |
| ११ | श्री सिर्जना परियार नेपाली | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.१ | |
| १२ | श्री आईत बहादुर पहरी | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.१ | |
| १३ | श्री राम प्रसाद खनाल | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.१ | |
| १४ | श्री रमिला तामाङ | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.२ | |
| १५ | श्री लक्ष्मी सुनार | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.२ | |
| १६ | श्री लोक बहादुर खत्री | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.२ | |
| १७ | श्री हिरा बहादुर घ.क्षे. | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.२ | |
| १८ | श्री कृष्णमाया थापामगर | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.३ | |
| १९ | श्री बिष्णुमाया घतानी | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.३ | |
| २० | श्री दिनेश कार्की | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.३ | |
| २१ | श्री बिष्णु बहादुर माझि | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.३ | |
| २२ | श्री ज्ञानी खड्का | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.४ | |
| २३ | श्री मसली सार्की | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.४ | |
| २४ | श्री कवाङ लामा | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.४ | |
| २५ | श्री लब प्रसाद पौडेल | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.४ | |
| २६ | श्री कान्छि लामा | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.५ | |
| २७ | श्री लक्ष्मी सोनार बि.क. | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.५ | |
| २८ | श्री जित बहादुर तामाङ | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.५ | |
| २९ | श्री प्रेम ध्वज लामा | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.५ | |
| ३० | श्री कान्छि तामाङ | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.६ | |
| ३१ | श्री भगवती कामी | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.६ | |
| ३२ | श्री निल बहादुर भण्डारी | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.६ | |
| ३३ | श्री रुपकाजि लामा | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.६ | |
| ३४ | श्री सकुन्तला माझि | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.७ | |
| ३५ | श्री मन्जु बि.क | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.७ | |
| ३६ | श्री ठुलोकान्छा सार्की | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.७ | |
| ३७ | श्री राजेश तिमल्सिना | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.७ | |
| ३८ | श्री टोप बहादुर बिश्वकर्मा | गाउँ सभा सदस्य | सुनकोशी गा.पा.७ | |
| ३९ | श्री गजेन्द्र माझि | | | |

प्रमाणित

यस सुनकोशी गाउँ कार्यपालिकाको अध्यक्ष लगाएत सम्पुर्ण कार्यपालिकाका सदस्य ज्यूहरुको नामावली

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री श्रवण कुमार जि.सी.(बिनोद) | अध्यक्ष | सुनकोशी गा.पा.-२ | |
| २ | श्री लक्ष्मी पौडेल | उपाध्यक्ष | सुनकोशी गा.पा.-४ | |
| ३ | श्री नेत्र बहादुर कार्की | कार्यपालिका सदस्य | सुनकोशी गा.पा.-१ | |
| ४ | श्री पूर्ण बहादुर महत | कार्यपालिका सदस्य | सुनकोशी गा.पा.-२ | |
| ५ | श्री रामहरी खड्का | कार्यपालिका सदस्य | सुनकोशी गा.पा.-३ | |
| ६ | श्री देबेन्द्र खड्का | कार्यपालिका सदस्य | सुनकोशी गा.पा.-४ | |
| ७ | श्री कृष्ण बहादुर खड्का | कार्यपालिका सदस्य | सुनकोशी गा.पा.-५ | |
| ८ | श्री राम कुमार थापा | कार्यपालिका सदस्य | सुनकोशी गा.पा.-६ | |
| ९ | श्री ईश्वर तिमल्सिना | कार्यपालिका सदस्य | सुनकोशी गा.पा.-७ | |
| १० | श्री टोप बहादुर बिश्वकर्मा | कार्यपालिका सदस्य | सुनकोशी गा.पा.-२ | |
| ११ | श्री लक्ष्मी सुनार | कार्यपालिका सदस्य | सुनकोशी गा.पा.-२ | |
| १२ | श्री ज्ञानी खड्का | कार्यपालिका सदस्य | सुनकोशी गा.पा.-४ | [signature] |
| १३ | श्री कान्छि लामा | कार्यपालिका सदस्य | सुनकोशी गा.पा.-५ | [signature] |
| १४ | श्री भगवती कामी | कार्यपालिका सदस्य | सुनकोशी गा.पा.-६ | भगवती |
| १५ | श्री गृबेन्द्र माझि | कार्यपालिका सदस्य | सुनकोशी गा.पा.-७ | |

सुनकोशी गाउँपालिका
गाउँपालिकाको कार्यालय
...डाँडा, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल
२०७३

प्रमाणित

श्रवण कुमार जि.सी. (बिनोद)
अध्यक्ष

## सुनकोशी गाउँपालिकामा कार्यरत कर्मचारीहरुको बिबरण

| सि.नं. | कर्मचारीहरुको नाम थर | पद |
|---|---|---|
| १ | श्री बीर बहादुर बस्नेत | प्रमुख प्रशासकीय अधिकृत |
| २ | श्री तारा प्रसाद निरौला | लेखा अधिकृत(सातौ तह) |
| ३ | श्री रामहरी थापा | ईन्जिनियर |
| ४ | श्री भुजन श्रेष्ठ | आई.टी.अफिसर |
| ५ | श्री ठाकुर प्रसाद आचार्य | वडा सचिब-१ |
| ६ | श्री राम बहादुर न्यौपाने | वडा सचिब-३ |
| ७ | श्री सुशिल खड्का | अ.स.ई. |
| ८ | श्री सुमन नेपाल | अ.स.इं. |
| ९ | श्री मिम बहादुर योन्जन | का.सहायक |
| १० | श्री प्रबिन जि.सी. | स.क.अ./योजना/जिन्सि |
| ११ | श्री लिला ढकाल | वडा सचिब-४ |
| १२ | श्री सागर श्रेष्ठ | वडा सचिब-७ |
| १३ | श्री कुल प्रसाद सापकोटा | वडा सचिब-२ |
| १४ | श्री हरिकृष्ण खड्का | का.सहायक |
| १५ | श्री गोरख बहादुर खड्का | का.सहायक |
| १६ | श्री निम बहादुर कार्की | वडा सचिब-६ |
| १७ | श्री किरण श्रेष्ठ | वडा सचिब-५ |
| १८ | श्री साबित्री खत्री | स.क.अ. |
| १९ | श्री सुबास कार्की | स.क.अ. |
| २० | श्री बीर बहादुर बोम्जन | का.सहयोगी |
| २१ | श्री सिर्जना खड्का | का.सहयोगी |
| २२ | श्री फुर्बा तामाङ | का.सहयोगी |
| २३ | श्री प्रतिमा चालिसे | का.सहयोगी |
| २४ | श्री देबकी दाहाल | का.सहयोगी |
| २५ | श्री गिता खत्री | का.सहयोगी |
| २६ | श्री यादब खड्का | का.सहयोगी |
| २७ | श्री सरिता पुडासैनी | " " |

सुनकोशी गाउँपालिका
गाउँपालिकाको कार्यालय
सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल
२०७३

# सुनकोशी गाउँपालिकाको गाउँसभामा

## प्रस्तुत

## नीति, कार्यक्रम तथा बजेट

**यस गाउँसभाका अध्यक्ष महोदय, प्रमुख अतिथि ज्यू, उपस्थित सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरु**

१. यस सुनकोशी गाउँपालिकाको गाउँसभाको लागि गाउँपालिकाको उप-प्रमुखको हैसितयले आगामी आर्थिक वर्ष २०७६।०७७ को नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु । साथै नेपालको सामाजिक राजनैतिक परिवर्तनको क्रममा योगदान पुऱ्याउनु हुने वीर सहिदहरु एवं उहाँहरुका परिवारप्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

२.सनकोशी गाँउपालिका नेपाल अधिराज्य प्रदेश नम्वर ३ सिन्धुपाल्चोक जिल्लाको साविक ठोकर्पा, कालिका यमुनाडाँडा, सुनखानी, थुम्पाखर र पाङग्रेटार गाउँ विकास समितिहरु मिली गठन भएको हो । गाउँपालिका भित्र २, कलेज, ११ मावि, २२आधारभुत विद्यालय र २ निजि विद्यालयहरु गरी जम्मा ३५ सामुदायिक तथा निजि बिद्यालयहरु रहेको छ । स्वास्थ्य क्षेत्रतर्फ ५, स्वास्थ्य चौकी र १ सामुदायिक स्वास्थ्य ईकाइ रहेको छ । ६०७३ घर धुरी रहेको यस गाउँपालिका भित्र १६७१३ जनसंख्या रहेको छ । सुनकोशी गाउँपालिका भित्र हिन्दु, बौद्ध, इसाइ धर्मावलम्वीहरु मान्ने मानिसहरुको वसोवास रहेको छन भने क्षेत्री, बाहुन, दलित, आदिबासी जनजाती (तामाङ, शेर्पा, मगर, गुरुङ, थामी, माझी, पहरी) मुख्य बसोबास रहेको छ ।

**उपस्थित गाउँसभाका अध्यक्ष महोदय, प्रमुख अतिथि ज्यू, उपस्थित सम्पूर्ण गाउँसभा का सदस्यज्यूहरु,**

३ यस गाउँपालिकाको समृद्धको आधार कृषि क्षेत्रको विकास, वनसम्पदाको संरक्षण र पर्यटन प्रवर्द्धन रहेको छ । तसर्थ समता, समानत र सहभागीतामूलक दिगो विकासको माध्यमवाट आर्थिक तथा सामाजिक परिवर्तन सहितको सम्वृद्ध गाउँपालिका निर्माण गर्नु हाम्रो प्रमुख उद्देश्य हो ।

अव म "**सुन्दर सुनकोशी, सम्मृद्ध सुनकोशी र सुखी सुनकोशी**" भन्ने नाराका साथ उक्त दिर्घकालिन सोच एवं उद्देश्य प्राप्तीका लागि गाउँपालिकाले आगामी आर्थिक वर्षमा लिएको समृद्धिका नीति तथा आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

क. आर्थिक विकास

१. सर्बप्रथम सम्पुर्ण सुनकोशी गाउँपालिकाका आदरणीय आमा बुबा दाजु भाई दिदिबहिनि हरुलाई सुनकोशी गा.पा.करमुक्त गाउँपालिका भएको जानकारी गराउन चाहन्छु ।
२. कृषिलाई समृद्धिको आधार मानी कृषि उत्पादन र उत्पादकत्व वढाउन बाँझो रहेका जग्गाहरुलाई खनजोत गरी खाद्यवाली, मौसमी तथा बेमौसमी तरकारी खेती, फलफुल खेती, तर्फ कृषकहरुलाई प्रोत्साहन गरिनेछ , साथै मौरीपालन, माछापालन, पशुपालन तर्फ अनुदान रकम दिईनेछ ।
३. गाउँपालिका भित्र कृषिमा आत्मा निर्भर बनाउनको लागि पकेट(Pocket) क्षेत्र तथा कृषि बल्क(Block) निर्धारण गरिउत्पादनमा आधारीत अनुदानलाई प्रभावकारी तवरबाट अगाडी बढाउनुको साथै किसान परिचय पत्र वितरण गर्ने व्यवस्था गरिनेछ ।
४. कृषिकार्यलाई यन्त्रिकरण गर्न, कृषिउपकरणमा अनुदानको ब्यवस्था गरिएको छ ।
५. गत आ.व.मा ७ हजार भन्दा बढि कफिको विरुवा वडा नम्वर ४ मा वितरण भएको साथै सात ओटा ट्याक्टर वितरण भएको मा आगमी आ.व.मा पनि कफि खेतीलाई प्रवर्द्धन गर्न आवश्यक रकमको व्यवस्था गरिएको छ ।
६. प्रत्येक वडामा माटो परिक्षण शिविर सञ्चालन गरी आवश्यकता अनुसार कृषि चुन, रासायनिक मल, उन्नत बीउविजन तथा विषाधीको उचित व्यवस्था गरिनेछ ।
७. यस गाउँपालिकाकालाई दुध , फुल र मासुमा आत्मनिर्भर बनाउनको लागि पशुस्वास्थ्य शिविर, खोप सेवा,आन्तरिक र वाह्य परजीवि नियन्त्रण सेवा र कृतिम गर्भाधान सेवा सञ्चालन गर्न आवश्यक रकमको ब्यवस्था गरिएको छ ।
८. कुखुरापालन व्यवसायलाई बिशेष प्रोत्साहन दिई प्राविधिक सेवा उपलब्ध गराईनेछ ।

प्रमाणित

श्रवण कुमार जि.सी. (विनोद)

९. गाउँपालिका क्षेत्र भित्रका उत्कृष्ट कृषकलाई प्रतिस्पर्धाको आधारमा सम्मान गरिनेछ ।
१०. यस गाउँपालिकाको ६ नम्वर वडा थुम्पाखरमा प्राविधिक शिक्षा तर्फ उन्मुख गराईदै लगिनेछ ।
११. कृषि तथा पशु विमा कार्यक्रमलाई प्रचार प्रसार गरि कृषकलाई विमा गर्ने प्रोत्साहन गरिनेछ ।
१२. यसै गाउँपालिकाको वडा नम्वर ६ थुम्पाखरलाई कृषि र पशु विकास मार्फत आत्मानिर्भर बनाउनको लागि आयआर्जनको कार्यक्रमहरु संचालन गरिनेछ ।
१३. पर्यटन क्षेत्रको विकासका निमित्त पर्यटकिय स्थलको रुपमा पहिचान सुनकोशी गाउँपालिका २ थामडाँडा ठोकर्पामा भ्यूटावरको डि.पि.आर सम्पन्न भएकोले यसै बर्ष निर्माण कार्य अघि बढाईने छ । साथै होमस्टे(Home stay) लाई प्रोत्साहन गरिनेछ ।
१४. स्थापना भई सञ्चालन भएका सहकारी संस्थाहरुलाई नियमित अनुगमन र निरिक्षण गरी सहकारीको भावना अनुरुप सञ्चालन गर्न प्रेरित गरिनेछ ।
१५. बहुउदेश्यीय सहकारी संस्था स्थापनमा प्रोत्साहन दिने र बचत तथा ऋण सहकारी संस्थामा बचत कर्ताको बचतलाई संरक्षण गर्न पहल गरिनेछ । साथै अनुदानको पनि ब्यबस्था गरिने छ ।
१६. स्थानिय श्रम,सिप,पुँजी, प्रविधीलाई आकर्षित गरि आयआर्जन कृयाकलाप सञ्चालन गरिनेछ ।
१७. यस सुनकोशी गा.पा.मा पर्यटकिय क्षेत्र घोषित गर्न केबुलकार संचालन गर्न डि.पि.आरको लागि बजेटको ब्यबस्था गरिने छ ।
१८. सुनकोशी गा.पा. वडा नं.६ स्थित कृषि पशु बिकास मार्फत आत्मनिर्भर साकोस लाई आयआर्जनको कार्यक्रम संचालन गरिने छ ।
१९. सुनकोशी गा.पा. वडा नं.६ कृषि लाई प्राथमिकताका साथ समाबेश गरी प्रत्यक ब्यक्तिहरुको आय आर्जन उकास्न संचालन गरिनेछ ।

**ख.सामाजिक विकास**

१. यस गाउँपालिका भित्रका सवै वालवालिकाहरुलाई भर्ना अभियान सञ्चालन गरि अनिवार्य शिक्षामा पहुँच सुनिश्चिता गरिनेछ ।
२. वालशिक्षालाई प्रभावकारी वनाउन वालवालिकाको संख्याको आधारमा प्रोत्साहन भत्ता दिने ब्यवस्था गरिने छ ।
३. विद्यालय शिक्षालाई प्रभावकारी वनाउन सबै आधारभुत र माध्यामिक विद्यालयहरुमा ईन्टरनेट जडान तथा बिधुतीय हाजिरी को ब्यवस्था गरिनेछ । साथै प्रत्येक आधारभुत र माध्यामिक विद्यालयहरुको प्रध्यानाध्यापक लाई रु.१००० प्रति महिना प्रोत्साहन भत्ता उपलब्ध गरिनेछ ।
४. यस गाउँपालिका क्षेत्रमा एक नमूना विद्यालय वनाउन आवश्यक पुर्वाधार निर्माण सहितको कार्यक्रम र योजना वनाईनेछ ।
५. प्रत्येक आधारभूत र माध्यामिक विद्यालयमा खेलकुद प्रशिक्षकको व्यवस्था गरी कम्तिमा हप्ताको एक दिन प्रशिक्षण दिईनेछ ।
६. गाउँपालिका क्षेत्रभित्र रहेका विद्यालयको निजि श्रोत कम भएका विद्यालयहरुलाई व्यवस्थीत रुपमा संचालन गर्न अनुदान प्रदान गरिनेछ ।
७. यस सुनकोशी गाँउपालिका भित्रका विद्यालयबाट विद्यालयं प्रवेश परिक्षा(एस ई ई) सहभागि भई उत्कृष्ट अंक ल्याउने १ जना छात्र र १ जना छात्रालाई जनही रु २०,०००/२०,००० सहित सम्मान गरिनेछ ।
८. तेस्तै सुनकोशी गाँउपालिका भित्रका विद्यालयबाट प्लसटुमा सहभागि भई उष्कृट्र अंक ल्याउने १ जना छात्र र १ जना छात्रालाई जनही रु १५,०००/१५,००० सहित सम्मान गरिनेछ ।
९. यस सुनकोशी गाँउपालिका भित्रका क्यापसबाट सहभागि भई उत्कृष्ट अंक ल्याउने १ जना छात्र र १ जना छात्रालाई रु १५,०००/१५,००० सहित सम्मान गरिनेछ ।
१०. सुनकोशी गाँउपालिका भित्रका व्यवसायिक खेति गरेका एक जना उत्कृष्ट कृषकलाई २००००। सहित सम्मान गरिनेछ ।
११. सुनकोशी गाँउपालिका भित्रका विद्यालयमा अध्ययन/अध्यापनमा गराउने उत्कृष्ट शिक्षकलाई रु १५,००० सहितसम्मान गरिनेछ ।

सुनकोशी गाउँपालिका
गाउँपालिकाको कार्यालय
...छोटार, सिन्धुपाल्चोक
३ न. प्रदेश, नेपाल

१२. यसै गा.पा.मा विकास हुदै गईरहेको पर्यटन व्यवसायलाई मध्यनजर गर्दै त्यस क्षेत्रमा सिर्जना हुने रोजगारीका अवसरलाई ध्यानमा राख्दै प्लस टु तथा स्नातक तहमा होटल म्यानेजमेन्ट (Hotel Management) तथा ट्राभल एण्ड टुरीजम (Travel and Torisum), विषयको सिपमूलक पठन पाठन शुरु गरिनेछ ।

१३. गाउँपालिका अन्तर्गत यसै वर्षबाट कक्षा थप गरिएका सामुदायिक विद्यालयहरुका लागि थप शिक्षकको व्यवस्था गरिनेछ । साथै शिक्षक/कर्मचारीहरुको अभाव रहेका सामुदायिक विद्यालयहरुमा आवश्यकताका आधारमा पदपुर्ति गरिदै लगिनेछ ।

१४. स्वास्थ्य संस्थाहरुवाट नि:शुल्क उपलब्ध हुने औषधीहरुको अभाव हुन नदिन आवश्यक बजेटको ब्यवस्था गरी औषधी निरन्तर रुपमा उपलब्ध गराईनेछ ।

१५. स्वस्थ्य संस्थाहरुको नियमित अनुगमन गरी चौविसै घण्टा प्रसुति र स्वास्थ्य सेवा उपलब्ध हुने ब्यवस्था गरिनेछ ।

१६ संघिय तथा प्रदेश सरकारको नीति अनुरुप प्रत्येक गाउँपालिकामा प्राथमिक अस्पताल निर्माण गर्ने कार्यक्रम अन्तर्गत सुनकोशी गाउँपालिका वडा नं १ मा निर्माणाधिन स्वास्थ्य भवनलाई निर्माण सम्पन्न गरी गाउँपालिका स्तरीय प्राथमिक अस्पतालको रुपमा विकास गरि यसै बर्षबाट अस्पताललाई संचालनमा ल्याईने ब्यबस्था गरिनेछ । साथै चिकित्सक सहितको व्यवस्था गर्ने र विभिन्न साझेदारहरुको सहकार्यलाई प्रत्साहित गरिनेछ ।

१७. महिला स्वास्थ्य स्वयं सेवीकाहरुलाई प्रोत्साहन स्वरुप मासिक रुपमा एक हजारका दरले भत्ताको व्यवस्था गरिने छ ।

१८ गाउँपालिकाले निम्न आर्थिक अवस्था भएका व्यक्तिहरुको जीवन रक्षाको लागि वर्षको एक पटक एकमुष्ट रुपमारु १०,०००। सहयोग उपलब्ध गराईनेछ । जस्तै मुटु , मृगौला, क्यान्सर, स्पाईनल इन्जुरी, ह्दयघात ।

१९. गाउँपालिका भित्रका प्रत्येक विद्यालयहरुमा चिकित्सक सहितको स्वास्थ्य टोलीद्धारा विद्यालय घुम्ति स्वास्थ्य शिविर संचालन गरिनेछ ।

२० सुनकोशी गउँपालिकाको एक मात्र आयुर्बेदिक औषधालय लाई पुननिर्माण अघि बढाउन संघ तथा प्रदेश संगको सहकार्यलाई अघि बढाउने निति अबलम्बन गरिनेछ ।

२१. खानीपानीको मुहान नभएका कारण अति अभाव व्यहोरेका वडाहरुमा उच्च प्रविधियुक्त लिफट प्रणाली जडान गरी खानेपानीको ब्यवस्थापन गर्नका निम्ति आवश्यक बजेटको ब्यवस्था गरिने छ ।

२२. जमीन मुनीका प्राकृतिक श्रोत र नासिदै गएको अवस्थामा रिचार्ज सिष्टमलाई मद्धत मिल्ने गरी पोखरी निर्माण गरिनेछ ।

२३ लोपोन्मुख पहरी, थामी, माझी जातीको संस्कृती, भेषभुषा, रहन सहन संरक्षणको लागी बृत्तचित्र निर्माण गरी सग्रंहालय निर्माण गरिनेछ ।

२४ ज्येष्ठ नागरिकको पहिचान, सम्मान, मर्यादा कायम राख्न जेष्ठ नागरिक सम्मान कार्यक्रम अघि बढाईनेछ ।

२५. महिला हिंसालाई निरुत्साहन गरी महिलाहरुको क्षमता विकासमा जोड दिईनेछ ।

२६. महिलाहरुको क्षमता बिकासको लागि सामूहिक रुपमा रोजगारी सृजना गर्न आयआर्जन एंवम सिप मूलक कार्यक्रम सञ्चालन गरिनेछ । उपभोक्ता समिती मार्फत संचालित हुने योजनाहरुमा महिलालाई प्राथमिकता दिईनेछ ।

२७. अपाङ्गहरुको एकिन तथ्याङ्क संकलन गरी सामाजिक सुरक्षा सुनिश्चितताका लागि परिचयपत्र वितरण शिविर सञ्चालन गरिनेछ ।

२८. बालबालिकाहरुको उत्प्रेरणाका लागि बाल क्लव,बालसञ्जाल गठन, विद्यालयहरुमा शैक्षिक सामाग्री,पोशाक वितरणका साथै अतिरिक्त कृयाकलापहरु सञ्चालन गरिनेछ ।

२९. गाउँपालिका भित्रका विद्यालयमा कार्यरत शिक्षक/शिक्षिकहरुलाई उच्च स्तरको तालिममा सहभागि गराईनेछ ।

३० विशेष गरि प्राविधिक शिक्षालाई जोड दिई ५ वर्ष भित्रमा कम्तिमा ५ सय जना बेरोजगार युवाहरुलाई शिपमुलक तालिम प्रदान गरी आत्मनिर्भर बनाउन प्रोत्साहन गरिनेछ ।

प्रमाणीकरण

सुनकोशी गाउँपालिका, गाउँपालिकाको कार्यालय, सिन्धुपाल्चोक

श्रवण कुमार जि.सी.(विनोद) अध्यक्ष

३१. स्वास्थ्य [illegible]को लागि खेलकुद भन्ने नाराका साथ कम्तिमा दुईवटा गा.पा स्तरीय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।

३२. गा.पा क्षेत्र भित्र उपयुक्त स्थान पहिचान गरी आगामी आ.व ०७६।७७ मा डि.पि.आर तयार गरी रङ्ग[illegible] निर्माणको लागी आवश्यक वजेटको ब्यवस्था गरिनेछ ।

३३. यस गाँउपालिका क्षेत्रभित्रका खेलाडीले राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा उत्कृष्ट न[illegible] हासिल गरेमा रु २५,०००।- रकम सहित उचित सम्मान गरिनेछ । साथै वडा नं.३ कालिका बाघख[illegible] खेलकुद मैदान निर्माण गरिनेछ ।

३४. राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा ख्याति प्राप्त पदक बिजेता खेलाडिहरुलाई नगद पुर[illegible] तथा सम्मान गरिएको छ । साथै उक्त कार्यलार्य निरन्तरता दिईनेछ ।

३५. राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा छनौट भई क्लोज केममा रहेका खेलाडीहरुलाई भौ[illegible] तथा आर्थिक सहयोग गरिनेछ । साथै गा.पा.भित्र खेलकुद प्रतियोगिता गर्न कबर्ड हलको लागि आव[illegible] बजेट बिनियोजन गरिनेछ ।

३६. सामाजिक सुरक्षा भत्ता प्रणालीलाई ब्यवस्थित गरी सेवावाट वञ्चित नागरिकलाई यस प्रणालीमा समा[illegible] गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

३७. युवा जनशक्तिको पलायनलाई रोकी गाउँमा बसोबास गरी दीगो विकासमा सहयोग गर्नको ल[illegible] सामूहिकरुपमा खेती, उद्योग,ब्यवसाय सञ्चालन गरेमा ५०।५० प्रतिशत सहभागितामा युवा स्वरोज[illegible] कार्यक्रम सञ्चालन कार्यविधि बनाई अनुदान प्रदान गरिनेछ ।

३८. धार्मिक पर्यटनको विकास तथा सरक्षणको लागि आवश्यक बजेटको ब्यवस्था गरिनेछ ।

३९. सुनकोशी गाउँपालिका वडा नम्वर १ को बाघभैरव क्षेत्रलाई धार्मिक पर्यटनको केन्द्रको रुपमा वि[illegible] गराउन बाघ भैरव धामको अवधारणा सहित धार्मिक पर्यटकीय पुर्बाधारको निर्माणलाई यसै वर्षबाट [illegible] बढाईनेछ । बाघभैरव धाम निर्माणका लागि जग्गा खरिद तथा अधिग्रहण गर्ने काम यसै बर्षबाट शुभार[illegible] गरिनेछ ।

४०. सुनकोशी गा.पा.२ ठोकर्पा मा.बि.को भबन जिर्ण भएको कारण यस गा.पा.बाट भबन निर्माण गर्न बजेट[illegible] ब्यबस्था गरिने छ ।

४१. ठोकर्पाको धार्मिक तथा सास्कृतिक ऐतिहासिकता संग जोडिएको सिता पाईला क्षेत्रमा राम तथा सित[illegible] मन्दिर निर्माण गरी सितापाईला देखि थामडाँडा भन्ज्याङ संम्म पदमार्ग निर्माणको काम यसै बर्ष [illegible] सुभारम्भ गरिनेछ ।

४२. सुनकाशी गा.पा.३ मिलडाँडामा शान्तिको लागि बुद्ध पार्क निर्माण गर्नको लागि गा.पा.बाट बजेट बिनियोज[illegible] गरिएको छ ।

४३. सुनकोशी गा.पा.४ यमुनाडाँडा स्थित डाँडागाउँमा ऐतिहासिक धार्मीक साँकृतिक सम्पदा संरक्षण [illegible] अत्यन्तै प्राचिन बौद्ध गुम्बा श्री साङ्गलिङ बौद्ध गुम्बा निर्माण गर्नको लागि गा.पा.बाट बजेट बिनियोज[illegible] गरिएको छ ।

४४. आगामी आ.ब.२०७६ ⁄ ०७७ मा खेलकुद तर्फ सुनकोशी गाउँपालिका वडा नं.४ को जागिरेयमुना स्थित श्री गणेश मा.बि. नजिकै खहरे खेलमैदान तथा पौडी पोखरी निर्माण गरिने छ ।

४५. आ.ब. २०७५ ⁄ ७६ मा यस सुनकोशी गाउँपालिका ४ नं. वडा कार्यालयले कृषि कार्यक्रम तर्फ ८ वटा मिनिटिलर (हाते ट्याक्टर), १ वटा कोदो कुट्ने मेसिन , वडा भरिका बिभिन्न स्थानमा ८० जना कृषकहरुको खेत बारीको माटो परिक्षण शिविर संचालन गरी प्रति ब्यक्ति ५० के.जी.का दरले ४००० के.जी.चुन बितरण गरिएकाले यस आ.ब.०७६ ⁄ ७७ मा पनि यसलाई निरन्तरता दिईनेछ ।

४६. सुनकोशी गा.पा.५ रतनकोटमा गुम्बा निर्माण गर्नको लागि गा.पा.बाट बजेट बिनियोजन गरिएको छ ।

४७. वडा नं.६ थुम्पाखरमा महेन्द्रोदय मा.बि. लाई प्राबिधिक शिक्षा तर्फ उन्मुख गराईदै लगिनेछ ।

४८. वडा नं.६ थुम्पाखरमा शिक्षा स्वास्थ्य लाई प्रोत्साहन गर्दै थुम्पाखर स्वास्थ्य चौकिको बर्थिङ सेन्टरलाई ब्यबस्थित बनाउदै सुत्केरिलाई प्रोत्साहन स्वरुप भत्ता र स्वयम सेबिका लाई भत्ताको ब्यबस्था गरिनेछ ।

सुनकोशी गाउँपालिका, गाउँपालिकाको कार्यालय, सिन्धुपाल्चोक

प्रमाणित गरेको

४९. वडा नं. ६ थुम्पाखरमा एकल महिला र एकल पुरुषहरुको आयआर्जनलाई प्राथमिकताका साथ समावेश आयआर्जनमा प्रोत्साहन गरिनेछ । साथै दलित जेष्ठ नागरीकहरुको जिबन स्तर उन्नतीको लागि वि कार्यक्रम ल्याईनेछ ।

५०. वडा नं.६ थुम्पाखरमा स्वास्थ्य जिबनको लागि खेलकुद भन्ने नाराका साथ स्वर्गिय भुपेन्द्र थापा स्मि भलिबल प्रतियोगिता गरी तिन चम्के सेतिदेबी मन्दिरमा पर्यटन पार्क बनाई आन्तरीक पर्यटकिय बिक गरिदै लगिनेछ ।

५१. वडा नं.६ थुम्पाखरमा धुसेनिमा सामुदायिक स्वास्थ्य ईकाई भबन निर्माण गरी (साबिक वडा नं २ को वटा गाउँलाई) स्थानिय जनताहरुलाई सेवा सुबिधा पुर्याउने तबरले स्वास्थ्य ईकाई संचालन गर्न प्रोत्सा स्वरुप गा.पा.लाई सिफारिस गरिनेछ । साथै थुम्पाखरको बिभिन्न ठाउँमा महिला सामुदायिक भबन निम कार्य अगाडी बढाईने छ ।

## ग. पुर्वाधार विकास

१. वडा स्तरिय सडकलाई स्तर उन्नत्ती गरी नाला सहितको गाभ्रिल गरी बाह्रै महिना यातायात सञ्चार गरिनेछ ।

२. ग्राम्रीण कृषि सडकलाई जोड दिदै उत्पादित कृषि उपजलाई सहज रुपमा बजारसम्म पुऱ्याउने व्यव गरिनेछ ।

३. गाउँपालिकाले नयाँ ट्रयाक खोल्ने कार्यलाई सिमित गरी सडक स्तरउन्नत्ती जस्तै सडकको नाला बनाउ टेवा पर्खाल, सोलिङ, ग्राभेलिङ, वायो ईञ्जिनियरिङलाई प्राथमिकता दिईनेछ ।

४ सुनकोशी गाउँपालिकाको कृषि योग्य भूमिमा भरपर्दो र दिगो सिंचाई सुविधामार्फत कृषि उत्पादन न उत्पादकत्व वृद्धिमा सहयोग गर्न,निर्माण भएका सिंचाई प्रणालीको मर्मत सम्भार र ब्यवस्थापन गरीब महिना सिंचाई सेवा उपलब्धहुने ब्यवस्था गरिनेछ ।

५. सिंचाईका स्रोतहरु पहिचान गरी उपभोक्ता समिति मार्फत दर्तागर्ने प्रावधान गरिनेछ ।

६ गाउँपालिका भित्रका सुख्खा क्षेत्रहरुमा प्लास्टिक पोखरी निर्माणमा आवश्यक सहयोग गर्ने कार्यक्र सञ्चालन गरिनेछ ।

७ सुनकोशी गाउँपालिकाकै सबैभन्दा सुख्खा ग्रस्त क्षेत्र वडा नं.१ मा छात्राबास सल्लेनी डिप बोर आ.ब.०७५/७६ मा सम्पन्न गरिएकाले आ.ब.०७६/७७ मा करिब ३५० घरधुरिलाई स्वच्छ खानेपा उपलब्ध गराईनेछ । र वडा २ ठोकर्पामा पी डिप बोरिङ मार्फत खानेपानि प्रत्यक घरमा पुऱ्याउ कार्यक्रमलाई यस बर्ष देखि अभियानकै रुपमा अघि बढाईनेछ ।

८ गाउँपालिका भित्रका सुख्खा क्षेत्रहरुमा थोपा सिचाई कार्यक्रम सञ्चालन गरिनेछ ।

९ गाउँपालिकाको कार्यालय र वडा कार्यालय भवन,स्वास्थ्य संस्थाहरुको भबन निर्माण गर्न रकमको व्यवस्था गरीने छ । साथै अपुग रकमका लागी केन्द तथा प्रदेश सरकार र विभिन्न दातृ संस्थासँग पहल गरिनेछ ।

१० बस्ती बिकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मार्ग दर्शन २०७२ बमोजिम घर नक्सा पास कार्य अगाडि बढाइने छ ।

११. नक्सा पास नगरीआ.व २०७५/०७६ अघि निर्माण भएका भवनहरुको स्थलगत निरिक्षण गरी नक्सा पा गरिनेछ ।

१२. गा.पा र वडा कार्यालयहरुमा सौर्य उर्जा जडान गरी निरन्तर सेवा प्रदान गर्ने ब्यवस्था गरिएको छ ।

१३ आ.व २०७६।०७७ भित्रमा बाँकी रहेका काठका पोललाई फलामको पोलले पुर्ण रुपमा बिस्थापित गरिनेछ ।

१४. सुरक्षित र गुणस्तरिय विद्युतको सेवा व्यवस्थापन गर्न विद्युत ट्रान्सफर्मर आवश्यकता अनुसार व्यवस्था गरिनेछ ।

१५. दुई बर्ष भित्र नाङ्गो तारलाई विस्तापित गरी केबुलतारको व्यवस्था गरिनेछ ।

१६ गाउँपालिकाको सूचना प्रवाह गर्न गाउँ एप्स बनाई सञ्चालनमा ल्याईनेछ । गा.पा को वेवसाइटलाई अध्यावधिक गरी गाउँपालिकाको नीति नियम,कार्यक्रम तथा सूचनामा सबै गाउँबासीको सहज पहुँच पुऱ्याईनेछ ।

१७. बड्डी, मे, सिन्धुपाल स्वस्थ्य चौकी भवन निर्माणका लागी आवश्यक जग्गा खरीद गरिएको र यसै बर्ष कार्य सम्पन्न गरिनेछ ।

१८. गा.पा स्तरिय सडक, मर्मत सम्भार कोष, विपद् ब्यवस्थापन कोषवाट खर्च ब्यहोर्ने गरी गरिने कार्यलाई ठेक्का, कोटेशन, दरभाउपत्र, अमानत, सोझै वार्तावाट गराउन सकिनेछ ।

१९. यस गा.पा ले तयार पारेको ग्रामिण सडक गुरुयोजना अनुरुप सडक निर्माण कार्यलाई प्राथमिकता दिईनेछ । साथै सुकुटे, महेन्द्रकान्ति मिलडाँडा सडकलाई यसै बर्ष ग्राबिल गर्नका लागि बजेट बिनियोजन गरिने छ ।

२०. सुनकोशी गा.पा. अन्तर्गतको पुर्नेबारी, जामुने, तित्रे, सिम्ले हुँदै बेखसिम्ले सडकको स्तरउन्नतीको लागि बजेट ब्यबस्था गरिने छ ।

२१. सुनकोशी गा.पाको रिङरोड निर्माण गर्न सुकुटे, पुरानकोट, ठोकर्पा, भन्न्याङ, मेलचौर, सुनखानी, रतनकोट, देखी बाह्रकिलो सम्म सडक स्तरउन्नती गर्ने कार्य भईरहेकाले यसलाई आगामी आ.ब.मा पनि उक्त कार्य गरिनेछ ।

२२. सुनकोशी गा.पा.को एक्साभेटर (डोजर) प्रयोग गरि सुनखानी रतनकोट सडक स्तरउन्नती तथा चट्टान कटान गरी सडक सुचारु गरि पुन कार्यसम्पन्न गर्न बजेटको ब्यबस्था गरिने छ ।

२३. यस सुनकोशी गा.पा.मा खेलकुदको कार्यक्रम गर्नको लागि कवडहल निर्माण गरिनेछ ।

२४. यस सुनकोशी गा.पा.६ स्थित तिनचम्के खेलकुद मैदान लट्टेश्वर पार्टी प्यालेस ९ कि.मी. पुरातत्व मानेधारा र मठमन्दिर बनाई नमुना बनाईनेछ । र वडा नं.६ कार्यालयलाई कम्पाउण्ड लगाई सम्पन्न गरिने छ ।

२५. वडा नं.६ थुम्पाखरमा केन्द्रिय योजनाहरु पाखर दोभान सिंचाई लप्सि निग्रे खानेपानि योजना सम्पन्न गराई प्रत्यक्ष रुपमा जनताहरुलाई सिंचाई र खानेपानिको पहुच पुर्याईने छ । साथै धुसिने कुईले पाखर दोभानमा कुलो सिंचाई मार्फत खेति योग्य जमिनमा कृषि उपच कार्यक्रम ल्याईनेछ ।

## घ.वन वातावरण तथा विपद ब्यवस्थापन

१ विश्वकै पहिलो तथा सुनकोशि गाउँपालिकाकै गौरव सामुदायिक वनको उद्गम स्थल साबिक ठोकर्पामा निर्माण हुने सामुदायिक वन अन्तराष्ट्रिय अध्ययन तथा अनुसन्धान केन्द्रका लागी आ.ब ०७५ ७६ मा आबश्यक निजि आवादी जग्गा गा.पा.मार्फत खरिद भएकाले यस आ.ब बाट निर्माण कार्य अघि बढाउन संघिय सरकार संग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

२. प्रशस्त रुख तथा फलफूलका बिरुवाहरु वृक्षारोपण गरी वातावरण संरक्षणमा जोड दिईनेछ ।

३. भु-संरक्षणका लागी पहिरो गएका तथा जान सक्ने स्थानहरुको पहिचान गरी नियन्त्रणका लागी आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

४. विकास निर्माणका कृयाकलाप वाताबरण प्रतिकुल नहुने गरी सञ्चालन गरिनेछ ।

५. गाउँपालिका भित्र रहेका नदी, नाला, पानीका मुहानको उचित संरक्षण गरिनेछ ।

६ धरातलीय रुपमा पहाडी भु-भाग भएको तथा दैविक प्रकोपले उच्च जोखिममा रहेको गाउँपालिका क्षेत्रमा तत्काल राहत तथा नियन्त्रण गर्न तथा पुर्व तयारीका लागी विपद् ब्यवस्थापन कोषको ब्यवस्था गरिनेछ ।

७. दैविक प्रकोपवाट जनधनको क्षती भई मृत्युभएमा राहत स्वरुप प्रति परिवार रु २०,०००(विस हजार) उपलब्ध गराईनेछ ।

८. विपद्वाट पुर्वाधार, वस्ती, जग्गा जमिनमा क्षती पुग्ने अवस्था आएमा तत्काल संरक्षणका कार्य गरिनेछ ।

९. गा.पा. क्षेत्रभित्र पाईने जडिबुटी पहिचान गर्न अध्ययन गरिनेछ ।

१० गा.पा भित्र जलवायु परिवर्तनले पारेको समस्यार त्यसको न्यूनिकरणको लागि गाउँपालिकाले अघि बढाएका विभिन्न जनचेतना मूलक कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

## ङ सुशासन तथा संस्थागत विकास

१. गाउँपालिकाद्धारा प्रदान गरिने सेवालाई छिटो छरितो ,प्रभावकारी एंवम गुणस्तरीय र प्रविधीमैत्री बनाईनेछ ।

२. गाउँपालिकाद्धारा सम्पादन हुने कामकारवाहिहरुलाई सर्वसाधरण सेवाग्राहीको जानकारीका लागी एफ.एम रेडियो र पत्रपत्रिका मार्फत प्रशारण तथा प्रकाशन गरिनेछ ।

सुनकोशी गाउँपालिका गाउँपालिकाको कार्यालय

प्रमाणीकरण

श्रवण कुमार जि.सी. (विनोद)
अध्यक्ष

३. गाउँपालिकाभित्र कार्य क्षेत्र बनाई क़ार्यरत रहेका गैर सरकारी संस्थाहरुलाई गाउँविकास निर्माण कार्यमा सहयोग पुर्‍याउन नियमित अनुगमन र निरिक्षण गरी सहजीकरण गरिनेछ ।

४. गा.पा र वडा कार्यालयबाट सम्पादित सेवा र कार्याक्रमहरुको गा.पा स्तरबाट कम्तिमा दुईवटा सार्वजनिक सुनवाई कार्यक्रम गरिनेछ ।

५. गाउँपालिकाको उपभोक्ता समिति मार्फत सञ्चालन हुने विभिन्न योजना तथा कार्यक्रममा १५प्रतिशत लागत जनसहभागिता जुटाईनेछ ।

६. गा.पा द्वारा सञ्चालन हुने आयोजनाहरुको भुक्तानी पुर्व अनिवार्य रुपमा अनुगमन समितिको सिफारिसमा मात्र भुक्तानी दिने व्यवस्था मिलाईनेछ ।

७. निर्माण हुने, भईरहेका तथा सम्पन्न भएका योजनाहरुको नियमित अनुगमन गरिनेछ र नियमानुसार अनुगमन सुविधा कन्टिजेन्सी रकमबाट उपलब्ध गराईनेछ ।

८. गा.पा क्षेत्रभित्र राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.सबाट सम्पादित कृयाकलापहरुलाई पारदर्शी बनाई नियमित अनुगमन मार्फत नतिजामूलक बनाईनेछ । साथै विभिन्न संघ संस्थाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमको रकम गाउँपालिकाको बजेटमा उल्लेख गरिनेछ ।

९. पदाधिकारी तथा कर्मचारीहरुको लागी अन्य स्थानीय सरकारले गरेका असल अभ्यासहरुको अवलोकन भ्रमण गरी सो अनुकुल लागेमा को अनुशरण गरिनेछ ।

१०. गा.पा तथा सवै वडा कार्यलयहरुमा डिजिटल प्रबिधि नागरिकवडापत्रको अध्यावधिक गरिनेछ ।

११. गाउँपालिकाबाट उपभोक्ता समिति, जनप्रतिनिधी तथा कर्मचारीहरुका लागी क्षमता अभिवृद्धि गर्न अध्ययन, तालिम, गोष्ठि तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. यस गाउँकार्यपालिका र वडा कार्यालयमा दरवन्दी अनुसारका कर्मचारीको कमीका कारण कार्यबोझ अधिक भएको तथा हाल कार्यरत कर्मचारीलाई यहि गा.पा मा रहि निरन्तर सेवा प्रवाह गर्न प्रोत्साहन स्वरुपप्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

१३. कार्य सम्पादनको आधारमा १ जना जनप्रतिनिधि र १ जना कर्मचारीलाई रु १५००० का दरले पुरस्कृत गरिनेछ ।सो छनौटका लागि गा.पा अध्यक्षको अध्यक्षतामा एक समिति रहनेछ ।

१४. प्रत्येक वडा कार्यालयमा ईन्टरनेट जडान गरी विधुतीय सेवालाई जोड दिईनेछ ।

१५. गा.पाले तयार पारेको भिलेज प्रोफाईल को तथ्याङ्कलाई आधार लिई योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. न्यायमा सवैको पहुँच सुनिश्चता गर्न स्थानीय न्यायिक समितीको कार्यलाई प्रभावकारी एंवम व्यवस्थित बनाईनेछ ।

१७. न्यायिक समितिका पधाधिकारीहरु तथा सामुदायिक मेलमिलाप कर्ताहरुको क्षमता अभिवृद्धि गरी घुम्ती कानुनी शिविर सञ्चालन गरी स्थानीय जनताको घरदैलोमा कानुनी सेवा र स्थानिय न्यायिक समितीको बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. न्याय समितिको कामलाई व्यवस्थित गर्न गा.पामा न्यायिक ईजलासको ब्यवस्था गरिनेछ ।

१९. न्यायिक समितीबाट भएको फैसला वा आदेशलाई कार्यान्वयनको ब्यवस्था मिलाईनेछ ।

